मिति २०८२/०६/२३ गतेका दिन थुलुङ दुधकोशी गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री असिम राई ज्यूको अध्यक्षतामा बसेको विशेष कार्यपालिका बैठकमा निम्न उपस्थितिबीच तपसिलका प्रस्ताव उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

| सि.नं. | नाम र थर | पद | दस्तखत | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | असिम राई | अध्यक्ष | | ९८५१०३८२९१ |
| २ | सविता राई | उपाध्यक्ष | | ९८६३९१००३४ |
| ३ | घनराज सुनुवार | १ नं. वडा अध्यक्ष | | ९८५१०४७२४४ |
| ४ | युजन बस्नेत | २ नं. वडा अध्यक्ष | | ९८११८१५४०४ |
| ५ | ईन्द्रमणि दाहाल | ३ नं. वडा अध्यक्ष | | ९८६९२२५०१४ |
| ६ | श्याम कुमार गुरुङ | ४ नं. वडा अध्यक्ष | | ९८५१००९०८७ |
| ७ | चन्द्र बहादुर राई | ५ नं. वडा अध्यक्ष | | ९८४४४९५२५५ |
| ८ | महेन्द्रदीप राई | ६ नं. वडा अध्यक्ष | | ९८५१०६४७५८ |
| ९ | भोजराज कार्की | ७ नं. वडा अध्यक्ष | | ९८५२८५१००७ |
| १० | राजेश राई | ८ नं. वडा अध्यक्ष | | ९८६१२१२०७८ |
| ११ | सन कुमार तामाङ | ९ नं. वडा अध्यक्ष | | ९८६९८०६५९५ |
| १२ | बुद्धिराज राई | कार्यपालिका सद्स्य | | ९८६१०६५७५८ |
| १३ | डिल्ली वि.क. | कार्यपालिका सद्स्य | | ९८६०६३४७७७ |
| १४ | सरिता राई | कार्यपालिका सद्स्य | | ९८६२४२२३५० |
| १५ | तमुना राई | कार्यपालिका सद्स्य | | ९८४१९४३८६२ |
| १६ | तारा देवी श्रेष्ठ | कार्यपालिका सद्स्य | | ९८६२१२३५३१ |
| १७ | सर्मिला हिङमाङ | कार्यपालिका सद्स्य | | ९७४५२७४३४० |
| १८ | प्रसन्नदीप राई | प्रमुख प्रशासकीय अधिकृत | | ९८४९१३९२२८ |

प्रस्ताव

१. अघिल्लो बैठक निर्णयहरूको समीक्षा सम्बन्धमा।
२. बाटो मर्मत सम्बन्धी।
३. ठेक्का सम्बन्धी।
४. विविध।

निर्णय

१. मिति २०८२/०५/३१ को कार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन सम्बन्धी समीक्षा गरियो। उक्त समीक्षामा अघिल्लो कार्यपालिकाको बैठकको निर्णय कार्यन्वयन भएको पाईयो।
२. नजिकिदै गरेको नेपालीहरूको चाड शुभदिपावलीमा यस थुलुङ दुधकोशी गाउँपालिका भित्र मानवीय आवतजावत वृद्धी हुने तथा गाउँपालिका भित्रका स्थानीय सडकहरू नियमित रूपमा सुचारू भईराख्न दशै अगाडी गरिएकै अभ्यास स्वरूप सडक मर्मर गर्नु पर्ने अवस्था सिर्जना भए मौजुदा प्राविधिकहरूको निगरानीमा तुरून्त प्राविधिक ईस्टिमेट तयार गरि सडक मर्मत तथा बनाउने कार्य गर्ने गराउने निर्णय गरियो।
३. कोशी प्रदेश समपुरक अनुदान तर्फ यस गाउँपालिकाद्वारा माग गरिएको गाउँपालिका केन्द्र देखि जुबु-५ हुँदै लोखिम-९ सडक स्तरोन्नति योजना स्वीकृति भई आवश्यक प्रक्रियाको लागि अगाडी बढाउने पर्ने भएकोले फिल्ड प्राविधिक प्रतिवेदन अनुसार लागत ईस्टिमेट प्रस्ताव भएकोमा सो प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। प्रस्तावित ईस्टिमेटमा यस गाउँपालिकाको तर्फ व्यहोर्नु पर्ने न्युनतम् रकम २०% रहेकोमा दुई आ.व. गरि जम्मा २३% रकम आवश्यक पर्ने भएकोले गाउँपालिका तर्फको व्यहोर्नुपर्ने २३% रकमसमेत स्वीकृत गर्ने सर्वसम्मतले निर्णय गरियो।
४. विविधः
   - अनियमित तथा वेमौसमी वर्षातको कारण यस गाउँपालिकाको विभिन्न वडास्थित सडकहरू क्षति भएकोले अघिल्लो कार्यपालिकाको बैठकको निर्णयानुसार नीजि व्यवसायीको हेभी मेशिन प्रयोग गर्ने निर्णय भएकोमा यसै वडा नं. ६ को विभिन्न क्षेत्रमा सवारी आवगमन खुलाउन हेभी मेशन प्रयोग भएको हुँदा प्राविधिक स्टिमेट अनुसार रु. २,६६,०००।०० को कार्य सम्पन्न भएको देखिएको हुँदा उक्त सिर्जना भएको दायित्व भुक्तानी दिने निर्णय गरियो।
   - मिति २०८२/०५/३१ को कार्यपालिकाको बैठकको निर्णयानुसार गाउँपालिका अन्तरगत रहेका सामुदायिक विद्यालयमा कार्यरत विद्यालय सहायक कर्मचारी, भाषा शिक्षक, कार्यलय सहयोगी तथा सहायक कम्प्युटर अपरेटरको मासिक पारिश्रमिक पनरावलोकन गर्ने प्रयोजनका लागि गाउँपालिका उपाध्यक्ष श्री सविता राईज्युको संयोजकत्वमा पारिश्रमिक तलव पनरावलोकन समितिले पेश गरेको मिति २०८२/०६/०५ को निर्णय सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो।